उपत्यकामा छिटो र सर्वाधिक बिक्री हुने जनपक्षीय विचार प्रधान दैनिक

नेपाली राष्ट्रिय दैनिक

# सन्ध्याकालीन

निष्पक्ष समाचारको लागि जनतामा समर्पित

www.sandhyakalin.com देशप्रेम प्रकाशन प्रालिद्वारा प्रकाशित

वर्ष २९, अंक १४७ २०८२ साल बैशाख २८ गते आइतबार, May. 11. 2025, का.जि.का.द.नं. ४१/०५३/५४ मूल्य रु २।-

## भारत र पाकिस्तानबीच युद्धविराम

काठमाडौं,२८ बैशाख । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको आग्रहमा भारत र पाकिस्तानले हिजो साँझ पाँचबजेदेखि युद्ध बिराम गरेका छन् । हिजो शनिबार अमेरिकाको मध्यस्थतामा उनीहरु तत्काल लडाइँ रोकेर वार्तामा बस्न तयार भएका हुन् । त्यसको घोषणा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले गर्नुभएको थियो । ट्रम्पले हिजो शनिबार सामाजिक संजाल एक्समा पोष्टगर्दै संयुक्त राज्य अमेरिकाको मध्यस्थतामा रातभर चलेको वार्तापछि भारत र पाकिस्तान पूर्ण र तत्काल युद्धविराममा सहमत भएका छन् । विवेक र सूझबूझ प्रयोग गरेकोमा दुवै देशलाई बधाई छभन्ने उल्लेख गर्नुभएको थियो । भारतको पहलगाममा गत अप्रिल २२ मा भएको आतंकी आक्रमणपछि दुई देशबीचको सम्बन्ध एकाएक तिक्तहुँदै युद्धमा परिणत भएको थियो । भारतले पाकिस्तानभित्रका आतंकी शिविरहरु **बाँकी ४ पेजमा**

# आज संसदमा सरकारको नीति तथा कार्यक्रममाथि मतदान हुँदै, नेकां र एमालेद्वारा ह्विप जारी

काठमाडौं,२८ बैशाख । आज संसदमा सरकारको नीति तथा कार्यक्रममाथि मतदान हुँदैछभने नेकां र एमालेले पक्षमा मतदानगर्न ह्विप जारी गरेका छन् । सरकारको नीति तथा कार्यक्रमका बिरुद्ध संसदमा ३७ वटा संशोधन प्रस्तावहरु पेश भएका छन् । यसैबीच अर्थमन्त्री विष्णु प्रसाद पौडेलले आगामी आर्थिक बर्ष ०८२/८३ को बजेटलाई कार्यान्वयनयोग्य तथा नतिजामुखी बनाउन बजेटमा राखिने योजना तथा कार्यक्रम व्यापक हेरफेर गरिने बताउनुभएको छ । नेपाल आर्थिक पत्रकार समाज (सेजन) ले हिजो काठमाडौंमा आयोजना गरेको विनियोजन कुशलता र वास्तविक बजेट विषयक पूर्वबजेट छलफलमा अर्थमन्त्री पौडेलले स्रोतको चुनौतीपूर्ण अवस्थालाई हेरेर योजनाको प्राथमिकीकरण गरिने बताउनु भएको हो । बजेट प्रणालीमा समस्या रहेकाले समाधानका लागि हस्तक्षेपकारी नीति अवलम्बन गरिने उहाँको भनाइ छ । आगामी आर्थिक बर्षको बजेटलाई यथार्थपरक बनाउन प्रयासगर्ने र कार्यान्वयन सुनिश्चितासहितको बजेट ल्याउने उहाँले बताउनु भएको थियो । अर्थ मन्त्री पौडेलले अर्थतन्त्रका परिसूचकहरु सुधारहुँदै गएपनि विगतमा श्रोत व्यवस्थापनको खाडल देखिएकाले त्यसलाई पुर्न केही समय लाग्ने उहाँले बताउनु भयो । बजेट प्रणालीलाई मार्गदर्शनगर्ने महत्वपूर्ण दस्तावेजका रुपमा संविधान रहेकाले सोही अनुसार नीति अवलम्बन गरिने बताउनु भएको थियो । उहाँले अहिले केन्द्रले छुट्याउने बजेटमा प्रदेश र स्थानीय तहका कार्यक्रम पनि छन् । अझ केही आयोजना त उपभोक्ता समितिले गर्नुपर्ने प्रकृतिका छन् । केन्द्रले कार्यान्वयन गर्नुपर्ने आयोजना र कार्यक्रमको संख्या कम हुनुपर्छ भन्नेमा हामी स्पष्ट छौं भन्नुभएको थियो । केही समयअघि आन्दोलनरत शिक्षकका सबै माग पूरागर्ने होभने ठूलो आर्थिक दायित्व थपिने र यसले साधारण खर्च बढ्ने अर्थमन्त्री पौडेलको भनाइ थियो । सामाजिक सुरक्षामा ठूलो रकम खर्च हुने गरेको र नेपालीको औसत आयु बढेको तर वृद्धभत्ता पाउने उमेर घटाउने अस्वस्थ प्रतिस्पर्धा चलेको उहाँले **बाँकी ४ पेजमा**

## देशको अवस्थाबारे विश्लेषण हुनुपर्ने

काठमाडौं,२८ बैशाख । प्रतिनिधिसभाका सभामुख देवराज घिमिरेले देशको वर्तमान अवस्थाबारे राजनीतिकर्मीले सही ढंगबाट विश्लेषण गर्ने उपयुक्त बेला भएको बताउनुभएको छ । पूर्वसांसद मञ्च नेपालद्वारा हिजो काठमाडौंमा आयोजित 'नेपालको वर्तमान अवस्था: चुनौती र समाधान' विषयक अन्तरक्रिया **बाँकी ४ पेजमा**

## बिष्फोटमा परी महिलाको मृत्यु

काठमाडौं,२८ बैशाख । अकस्मात बिष्फोटमा परी एकजना महिलाको मृत्युभएको थाहाभएको छ । प्राप्त समाचार अनुसार बाजुरामा बिष्फोटक पदार्थ पड्किँदा बुढीनन्दा नगरपालिका-७ सेरकाटियामा घाँस काट्न गएकी काली जैशीको ज्यान गएको रहस्य खुलेको छ । सुजारी पाताल सामुदायिक वनमा घाँस काटिरहेको अवस्थामा बिष्फोटक पदार्थ पड्किएर गम्भीर घाइते भएकी जैसीलाई उपचारका लागि कोल्टी अस्पताल लगिएकोमा चिकित्सकले मृत घोषणा गरेको प्रहरीले जनाएको छ । यसअघि जेशीको मृत्युको रहस्य खुलेको थिएन । त्यसैगरी दाङको तुलसीपुर उपमहानगरपालिका-१८ स्थित अम्बाखोली सामुदायिक वन क्षेत्रमा निर्माण गरिएको कृतिम तालमा पौडी खेल्ने क्रममा डुबेर रुकुमको त्रिवेणी -९ सिस्नेरी स्थायी घरभई हाल तुलसीपुरमा अध्ययनरत भूपेन्द्र विकको मृत्युभएको प्रहरीले जनाएको छ । भनिन्छ उनी हिजो शनिबार मध्यान्ह साथीहरुलाई लिएर पौडी खेल्नगएका थिए ।

## नेपाल भारत सीमामा सुरक्षा जाँच कडा, स्वदेश आउँदै गरेका नेपालीहरु लुटिन थालेको खुलाशा

काठमाडौं,२८ बैशाख । नेपाल भारत सीमामा सुरक्षा जाँच कडा बनाइएको भनिएपनि स्वदेश आउँदै गरेका नेपालीहरु लुटिन थालेको खुलाशा भएको छ । भारतसँग सीमाना जोडिएका सुदूरपश्चिमका प्रमुख दुईवटा नाका कैलालीको त्रिनगर भन्सार र कञ्चनपुरको गड्डा चौकी नाकामा नेपालीहरुले चेकजाँचकाक्रममा लुटिने गरेको गुनासो गरेका छन् । भारत-पाकिस्तानबीचको पछिल्लो समयमा बढेको सैन्य तनावको प्रभाव नेपाल-भारत सीमामासमेत परेको थियो । कामको सिलसिलामा भारतमा रहेका र नाकामा आवत-जावतगर्ने नेपालीहरुले समस्या भोग्नुपरेको बताएका छन् । नाकाम चेक जाँचकाक्रममा भारतीय सुरक्षा कर्मीहरुले अनावश्यक दुःख दिएर पैसासमेत लिनेगरेको नेपाली हरुको गुनासो छ । कैलालीको त्रिनगर भन्सार नाकामा परिचयपत्र देखाउदा पनि भारतीय प्रहरीले आफ्नो खल्तीबाट एकहजार रुपियाँ लिएको भारतबाट नेपाल फर्केका कैलालीका अर्जुनबहादुर पार्कीले स्थानीय समाचारदाताहरुलाई बताउनुभएको छ । त्यसैगरी भारत र पाकिस्तानबीच बढेको तनावको असर नेपाल-भारत सीमा क्षेत्रमा समेत देखिएको छ । प्रहरी प्रधान कार्यालयले नेपाल-भारत सीमामा सुरक्षा शतर्कता बढाउन निर्देशन दिएको हो । सोही निर्देशन अनुसार भारतसँग जोडिएको सीमामा सुरक्षामा सुरक्षा कड्याई धनुषामासमेत बढाइएको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रहरी नायब **बाँकी ४ पेजमा**

## द्वन्द पीडित प्रदर्शनमा

काठमाडौं । द्वन्द पीडितहरुले हिजो शनिबार काठमाडौंमा टीआरसी छनोट प्रक्रिया खारेजगरी नयाँ सिफारिस प्रक्रिया थाल्न मागगर्दै प्रदर्शन गरेका छन् । उनीहरूले आम द्वन्द पीडित समुदायलाई पूर्णतः उपेक्षागरी अपारदर्शी, देखावटी र भाग बण्डाका आधारमा टीआरसी छनोट प्रक्रिया अघि बढाइएको भन्दै आपत्ति पनि जनाएका थिए । प्रदर्शन कारीहरुले सिफारिस समिति खबरदार, जबरजस्ती गरे बहिष्कार, नयाँ सिफारिस प्रक्रिया थालियोस्, भागबन्डाको समिति मान्दैनौ लगायतका प्लेकार्डसमेत प्रदर्शन गरेका थिए ।

## सवारी दुर्घटनामा मृत्यु तथा घाइते

काठमाडौं,२८ बैशाख । सवारी दुर्घटनामा मृत्यु तथा घाइते भएका समाचारहरु प्राप्तभएका छन् । प्राप्त समाचारअनुसार सुनसरीको दुहबीमा प्र२-०१-००१च ०२५१ नम्बरको दाउरा बोकेको पिक अप भ्यान पिकअप गाडी दुर्घटनाहुँदा प्रहरी निरीक्षकको ज्यानगएको छ। दुहबी नगरपालिका-३ स्थित फुटानी चौकमा सो दुर्घटना भएको हो । दुर्घटनाका एक जनाको ज्यानजानुकासाथै दुईजना घाइते भएका छन् । इटहरी-विराटनगर सडक खण्डमा उत्तर इटहरीबाट दक्षिण विराटनगरतर्फ जाँदैगरेको सो गाडी **बाँकी ४ पेजमा**

## दुईवटा अन्तरराष्ट्रिय विमानस्थल बिवादमा

काठमाडौं, २८ बैशाख । दुईवटा अन्तरराष्ट्रिय विमानस्थल बिवादमा परेका छन् । प्राप्त समाचारअनुसार राप्रपाका अध्यक्ष राजेन्द्र लिङ्देनले गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थल र पोखरा अन्तरराष्ट्रिय विमानस्थल कुनै ठोस व्यावसायिक योजनाबिना निर्माण गरिएको आरोप लगाउनुभएको छ । सिद्धार्थ उद्योग वाणिज्य संघ रुपन्देहीले विमानस्थल सञ्चालनका लागि हिजो भैरहवामा आयोजना गरेको अन्तरक्रिया कार्यक्रममा उहाँले भ्रष्टाचार र विमानस्थल सञ्चालनको मुद्दासँगसँगै **बाँकी ४ पेजमा**

## ठगीगर्ने पक्राउ

काठमाडौं,२८ बैशाख । वैदेशिक रोजगारीमा बिभिन्न देश पठाइदिन्छु भन्दै ठगीगर्ने दुईजना पक्राउ परेका छन् । पक्राउ पर्नेहरुमा काठमाडौं महानगर पालिका-४ घर भएका सुदीपमान सिंह बस्नेत र भक्तपुरको सूर्यविनायक नगरपालिका-८ बस्ने काभ्रेपलाञ्चोकको रोशी-९ घर भएका गुमानसिंह तामाङ रहेका छन् । पक्राउ परेका मध्ये सुदीपले क्यानडा पठाइदिन्छुभन्दै एकजना पीडितबाट छलाख रुपैयाँ र गुमानले क्रोएसिया पठाइदिन्छुभन्दै एकजना पीडितबाट एकलाख ७५ हजार रुपैयाँलिई सम्पर्कबिहीन भएकोभन्ने पीडितहरुको उजुरीको आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट **बाँकी ४ पेजमा**

## अवैध लागूऔषधसहित केही पक्राउ

काठमाडौं,२८ बैशाख । अवैध लागूऔषधसहित केही पक्राउ परेका छन् । प्राप्त समाचार अनुसार काठमाडौं महानगर पालिका-१३ बाफल चोकबस्ने सिन्धुपाल्चोक ब्राह्रविसे नगरपालिका-६ घर भएका सुजन श्रेष्ठलाई नियन्त्रित लागूऔषध नाइट्राजेपाम एकहजार ट्याब्लेट, ट्रामाडोल आठ ट्याब्लेट र नगद १६ हजार रुपैयाँसहित प्रहरीले पक्राउ गरेको छ । प्रहरी विट वाफल बाट खटिएको प्रहरीले बा.९७ प ५९४२ नम्बरको स्कुटरमा सवार उनलाई उक्त लागूऔषध सहित फेलापारी पक्राउ गरेको हो । त्यसैगरी मोरङको विराटनगर महानगरपालिका-१६ हुलास चोकबाट खैरो हेरोइनजस्तो देखिने पदार्थ तीनग्राम ८३० मिलिग्रामसहित दुईजनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरुमा सुन्दरहरैंचा नगर पालिका-६ बस्ने रबिन गुरुङ र सोही नगरपालिका-४ बस्ने रवि मडहर रहेका छन् । लागूऔषध नियन्त्रण ब्यूरो शाखा कार्यालय विराटनगरबाट खटिएको प्रहरीले भारतबाट नेपालतर्फ पैदल आउँदैगरेका रबिनलाई एकग्राम ६२० मिलिग्राम र रविलाई दुईग्राम २१० मिलिग्राम उक्त पदार्थसहित पक्राउ गरेको हो । त्यसैगरी मोरङको विराटनगर महानगर पालिका-१५ तीननम्बर ढाँटबाट खैरो हेरोइनजस्तो देखिने पदार्थ करिब एक ग्राम ८४० मिलिग्राम सहित सुनसरी धरान उपमहा नगरपालिका-१३ बस्ने संग्राम राईलाई प्रहरीले पक्राउ गरेको छ । लागूऔषध नियन्त्रण ब्यूरो शाखा कार्यालय विराटनगरबाट खटिएको प्रहरीले भारतबाट नेपालतर्फ पैदल आउँदैगरेका उनलाई उक्त पदार्थसहित पक्राउ गरेको हो । त्यसैगरी कञ्चनपुरको शुक्लाफाँटा नगरपालिका-११ कलुवापुरबाट खैरो हेरोइनजस्तो देखिने पदार्थ ९० मिलिग्रामसहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउपर्नेहरुमा सोही नगर पालिका-११ बस्ने गणेश बहादुर ऐर र बिक्रम बिष्ट रहेका छन् । जिल्ला प्रहरी कार्यालय कञ्चनपुर र इलाका प्रहरी कार्यालय झलारीबाट खटिएको प्रहरीले उनीहरुलाई उक्त पदार्थसहित पक्राउ गरेको हो । त्यसैगरी सुनसरीको **बाँकी ४ पेजमा**

# ४२१ चुचुरो चुम्ने प्रतिक्षामा पर्यटकहरु

**सिबी अधिकारी**

रोप फिक्सिङगर्ने दक्ष शेर्पा आरोहीलाई जनाउँदै गर्दै आधार शिविरबाट एक्सपीडिसन अगुवा लाक्पा शेर्पालेसगरमाथामा बाक्लो हिउँ परेकाले डोरी टाँग्न (रोप फिक्सिङ) गर्न गाह्रो भयो। खुम्बु आइसफल क्षेत्रमा ठूला रक र कालापत्थरले भ्याङ टाँग्न पनि कठीन भयो भन्नुभयो। एटके एक्सपीडिसन कम्पनीबाट खटिएका सात जनाको शेर्पा टोलीले गत शुक्रबार साँझ पाँचबजे सगरमाथाको चुचुरोमा टोरी टाँगेर आरोहणको ढोका खोलेपछि यस बर्षको वसन्त ऋतुको सगरमाथा आरोहण शुरु भएको हो।

सोही कम्पनीबाट खटिएका पाँच जना शेर्पाले बिहिबार ल्होत्से र त्यसअघि आमादब्लम हिमालको चुचुरोमा डोरी टाँगेका थिए। सगरमाथाको चुचुरोसम्म बाटो बनेसँगै औपचारिकरुपमा आरोहण शुरु भएको पर्यटन विभागले जनाएको छ। विभागका निर्देशक लीलाधर अवस्थीले सगरमाथाको चुचुरोमा डोरी टाँग्ने काम सम्पन्न भएसँगै यस बर्षको सगरमाथा आरोहण औपचारिक रुपमा शुरुभएको छ र अब अन्य आरोही पनि मौसम अनुकूलता हेरेर शिखरतर्फ लाग्नेछन् भन्नुभयो। मौसम अनुकूल रहेकाले पहिलो वीन्डमो सर्वाधिक आरोहणको अनुमान गरिएको उहाँले बताउनुभयो। सगरमाथा आरोही संघका महासचिव शिवबहादुर सापकोटाले सगरमाथा आरोहणको सकारात्मक सन्देशले नेपालको साहसिक पर्यटन प्रवर्द्धनमा मद्दत पुग्ने बताउनुभयो। आरोहणलाई सुरक्षित र व्यवस्थित बनाउन सम्बद्द निकाय र एक्सपीडिसन कम्पनीले प्रभावकारी व्यवस्थापन गरेको उहाँले उल्लेख गर्नुभयो। एटके एक्सपीडिसन कम्पनीका प्रवन्ध निर्देशकसमेत रहनुभएका आरोही लाक्पा शेर्पाले सगरमाथा आरोहणका लागि अनुकूल मौसम रहेकाले मे ११ देखि १४ तारिकसम्म सर्वाधिक संख्यामा आरोही चुचुरोमा पुग्ने सम्भावना रहेको बताउनुभयो। उहाँले मौसम अनुकूल छ। आजदेखि विदेशी आरोहीको आरोहण शुरु हुन्छ। अहिले धेरै संख्यामा आरोही सगरमाथाको तेश्रो शिविरबाट चुचुरोतर्फ लागेका छन् भन्नुभयो। सगरमाथाको तेश्रो शिविर र चौथो शिविरमा अक्सिजन लगायत सामग्री व्यवस्थानमा शेर्पा कामदार खटिएका छन्भने आरोहण प्रतिक्षामा रहेका आरोही आरोहण अभ्यासमा व्यस्त छन्। आधार शिविरदेखि तेश्रो शिविरसम्म आरोही आवत जावत गरिरहेका हुन्। मे १२ देखि १५ सम्म समिट वीन्डो छ र उक्त अवधिमा धेरै आरोहण हुने एक्सिपीडिसन कम्पनीको अनुमान छ।

मे १६ र १७ मा हिमपात हुने मौसम पूर्वानुमान गरिएकाले त्यसअघि आरोहीको चुचुरो पुग्ने योजना अनुरुप यो पकट आरोहणमा जाम हुनसक्ने जनाइएको छ। सगरमाथाको चुचुरोसम्म रोप फिक्सिङको जिम्मेवारी पाएको एटके कम्पनीका प्रवन्ध निर्देशक शेर्पाले भन्नुभयो-यो पटक सगरमाथामा बाक्लो हिउँले डोरी टाग्न गाह्रो भएको छ। पहिलो वीन्डोमा धेरै आरोहण हुने पूर्वानुमान गरिएको छ। अशोक लामाको नेतृत्वमा सातजना शेर्पा टोली सगरमाथाको चुचुरामो पुग्न सफल भएको हो। उक्त टोलीमा छिरिङ पेम्बा शेर्पा, पेम नुर्बु शेर्पा, टासी शेर्पा, कर्मा ग्याल्जेन शेर्पा, टासी ग्याल्जेन शेर्पा र पासतेन्जी शेर्पा रहेका छन्। यो पटक सगरमाथाको रोप फिक्सिमा १६ जना शेर्पा खटिएकामा सात जना मात्रै चुचुरोमा पुग्न सफल भएको जनाइएको छ। सगरमाथामामात्रै नभई ल्होत्से र आमादब्लम हिमालमा पनि बाक्लो हिउँका कारण बाटो बनाउन कठीन भएको जनाइएको छ। जलवायु परिवर्तनको प्रभावले आरोहक्षण क्षेत्रमा बढी रक भेटिएकाले बाटो बनाउनेकार्य कठीन भएको शेर्पाले जनाएका छन्। खराब मौसमका कारण सगरमाथाको दोश्रो शिविरदेखि चौथो शिविरसम्म बाटो बनाउन १४ दिन लागेको कम्पनीले जनाएको छ। चौथो शिविरबाट भने दुई दिनमा शेर्पा टोली चुचुरोमा पुगेका थिए। आरोही शेर्पाले बाटो राम्रो छ, मौसम सफा छ। सयौ आरोही आरोहणका लागि प्रतिक्षरत छन्। मे ११ देखि १५ सम्म धेरै समिट हुने सम्भावना छ।

अर्को वेवदर वीन्डो मे १९ देखि २४ सम्म रहेको छ भन्नुभयो। यो याममा विश्वकीर्तिमानी आरोशी कामीरिता शेर्पा ३१औं पटक सगरमाथा आरोहण गरेर आफ्नै कीर्तिमान तोड्ने तर्खरमा हुनुहुन्छ। टासी ग्याल्जेन शेर्पा २० दिनमा चार पटक सगरमाथा आरोहण गरेर विश्व रेकर्ड कायम गर्ने योजनामा सगरमाथा पुग्नुभएको छ। त्यस्तै अर्का विश्वकीर्तिमानी आरोही सानु शेर्पा यो सिजनमा अति विशिष्ट पाहुना लिएर आरोहणमा जानुभएको छ। आठ हजार मिटरभन्दा माथिका हिमाल दुईपटक सफल आरोहण गर्नुभएका उहाँले तेश्रो पटक आठ हजार मिटरमाथिका हिमाल आरोहण गरेर आफ्नै नामको कीर्तिमान भंगगर्ने योजनामा हुनुहुन्छ। भारतकी सबैभन्दा जेष्ठ नागरिकले आरोहणगर्ने तयारीमा हुनुहुन्छ। यो पटक एटके कम्पनीबाट सगरमाथा र ल्होत्सेमा गरी ५५ जना आरोही छन्। समुद्री सतहदेखि पाँचहजार ३६४ मिटरको उचाइको आधार शिविरमा अध्याधिक चिसो रहेको शेर्पाले जानकारी दिनुभयो। माइनस २० डिग्रिको चिसोको प्रवाह नगरी आरोही आरोहण अभ्यासमा तल्लिन छन्। शिविरमा चहलपहल छ। शेर्पा हाइ क्याप्स सेट (तेश्रो र चौथो शिविर व्यवस्थापन) मा छन्भने आरोही लुक्ला नाम्चे, वेसक्याम्पमा छन्। आधा जसो आरोही तेश्रो शिविरतिर पुगेका छन्। अहिलेसम्मको अवस्था हेर्दा मे १४ र १५ मा सगरमाथामा बढी ट्राफिक जाम हुने सम्भावना रहेको प्रवन्ध निर्देशक शेर्पाले बताउनुभयो। यो पटक धेरै आरोहीलाई सहज होस भनेर चाँडो सगरमाथाको आरोहण खुलाइएको उहाँको भनाइ छ। सन् २०१३ र २०१७ मा सगरमाथाको रोप फिक्सिङ गर्नुभएका लाक्पा शेर्पाले जलवायु परिवर्तनका कारण हिउँ पग्लिएर पछिल्ला बर्षहरुमा सगरमाथा क्षेत्रमा बढी रक भेटिएको छ। हिउँ भएको ठाउँमा बाक्लो हिउँ परेको छ। खुम्बु आइसफलमा बढी रक देखिएकोले सगरमाथा प्रदुषण नियन्त्रण समिति (एसपीसिसी) ले मे २९ मै बाटोका भ्याङ उठाउने जनाएको छ। पर्यटन विभागबाट ७५ दिनको आरोहण अनुमति लिएर आरोही सगरमाथा गएका छन्। सगरमाथा आरोहण ४० दिनको हुन्छ। आरोही सगरमाथाको चुचुरोमा पुगेपछि दुई दिनभित्र आधारशिविर झर्छन्। उनीहरुले १० देखि १५ दिन तेश्रो शिविरसम्म अभ्यास गर्छन्। सभेने समिट ट्रेक्स प्रालिका अध्यक्ष मिङ्मा शेर्पाले बताउनुभयो मौसम अनुकूल रहेकाले यो पटक उत्साह वर्द्धक रुपमा सगरमाथा आरोहण हुने अनुमान गरिएको बताउनु भयो। रासस


काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड

मध्यपुर ठिमी शाखा

सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति: २०८२/०१/२८ गते

तपशिलमा उल्लेखित स्थानहरुमा कार्य गर्नु पर्ने भएकोले इजाजत प्राप्त व्यावसायीहरुबाट नेपाल सरकारको सम्बन्धित कार्यालयमा दर्ता भई प्राप्त गरेको इजाजत पत्र, स्थायी लेखा नम्बर, मु.अ.कर दर्ता प्रमाण-पत्र, दरभाउपत्र उपलब्ध गराई पाउँ भन्ने निवेदन आ.व. ०८०/०८१ को कर चुक्ता गरेको प्रमाण पत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न गरि सिलबन्दी दरभाउपत्र फाराममा उल्लेखित सर्तहरुको अधिनमा रहि छुट्टा-छुट्टै दरभाउपत्र खरिद गर्न र पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। सिलबन्दी दरभाउपत्र साथ तपशिलमा उल्लेखित दरभाउपत्र जमानत रकम यस शाखा कार्यालयको नाममा नबिल बैंक, मध्यपुरठिमी शाखामा रहेको धरौटी खाता नं. ३४०५०१७०००६४ मा जम्मा गरेको सक्कल भौचर वा 'क' वर्गका नेपाली बैंक वा वित्तिय संस्थाहरुबाट जारी गरेको जमानीपत्र पेश गर्नु पर्नेछ। दरभाउपत्र फारम दस्तुर बापतको रकम नबिल बैंकको चल्ती खाता नं.३४०५०१७०००६३ मा जम्मा गर्न सकिने छ। सिलबन्दी दरभाउपत्र खरिद गर्ने, पेश गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन बोलपत्र खरिद गर्ने, पेश गर्ने र खोल्ने अन्तिम दिन मानिनेछ।

| स. नं | सिलबन्दी बोलपत्र नम्बर | कामको विवरण | ठेक्काको किसिम | फारम दस्तुर (फिर्ता नहुने) | ल.ई. रकम (मु.अ. कर सहित) | सिलबन्दी दरभाउपत्र जमानत रकम | बैंक जमानी अवधि |
|---|---|---|---|---|---|---|---|
| १ | KUKL/KUKL THIMI/SQ/WORKS/15/2081-082 | Rehabilitation of 300mm dia. DI Transmission Main from Mulpani to Bode WTP | सिलबन्दी दरभाउपत्र | १००० | ९८९२४६९.१६ | ५०,००० | दर्ता गर्ने अन्तिम मितिबाट ७५ दिन |

फारम बिक्रि अवधि र स्थान : प्रथम पटक प्रकाशितमितिले १५ औंदिनकोकार्यालय समय भित्र, मध्यपुर ठिमी शाखा कार्यालय,भक्तपुर।

फारम दर्ता अवधि र स्थान: प्रथम पटक प्रकाशित मितिले १६ औंदिनको १२:०० बजे सम्म, मध्यपुर ठिमी शाखा कार्यालय,भक्तपुर।

सिलबन्दी दरभाउपत्र खोल्ने मिति र स्थान : प्रथम पटक प्रकाशित मितिले १६ औंदिनको १:०० बजे मध्यपुर ठिमी शाखा कार्यालय,भक्तपुर।


## अन्तराष्ट्रिय

# राष्ट्रपति ट्रम्पको भोलीबाट खाडी मुलुकहरुतर्फको भ्रमण हुने

वाशिंटन। संयुक्त राज्य अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्प आउँदो भोली साउदी अरेबिया, कतार तथा संयुक्त अरब इमिरेट्सको भ्रमणमा जानुहुनेछ। दोश्रो कार्यकालको प्रमुख अन्तर्राष्ट्रिय भ्रमणकारुपमा रहेको यो यात्राले आर्थिक सहकार्य सुदृढगर्नुकासाथै मध्यपूर्वको जटिल परिस्थितिमा कूटनीतिक संवादलाई अगाडि बढाउने अपेक्षा गरिएको छ। यस भ्रमणलाई ह्वाइट हाउसले ऐतिहासिक पुनरागमनको रुपमा व्याख्यागर्दै, राष्ट्रपति ट्रम्पको खाडी क्षेत्रप्रतिको गहिरो सम्बन्ध र सम्मान दर्शाउने अवसर भएको जनाएको छ। व्यापार, रक्षा, ऊर्जा, तथा प्रविधिका क्षेत्रमा सम्भावित सहकार्यको पृष्ठभूमिमा खाडी राष्ट्रहरुले उहाँको उच्च सत्कारको तयारी गरेका छन्। यद्यपि, इजरायल-हमास द्वन्द, इरानको आणविक कार्यक्रम तथा यमन र सिरियाको अस्थिरताजस्ता विषयले क्षेत्रीय संकट समाधानमा थप संवेदनशीलता र समन्वयको आवश्यकता औंल्याएका छन्। ट्रम्पले यसपटक इजरायल भ्रमण नगर्ने तयभएको छ, जसले केही विश्लेषकहरुलाई अमेरिकाको परम्परागत कूटनीतिक प्राथमिकतामा परिवर्तनको संकेतका रुपमा बुझाइएको छ। साथै, ओमानमा हुन लागेको इरानसँगको अप्रत्यक्ष वार्ता, गल्फ क्षेत्रको नामप्रति ट्रम्पको अभिव्यक्ति र हाले उहाँको परिवारद्वारा सञ्चालित कम्पनीहरुको खाडीमा व्यापारिक गतिविधि यी सबै विषयमा अन्तर्राष्ट्रिय ध्यान केन्द्रित भइरहेको छ। तर ह्वाइट हाउसले राष्ट्रपति ट्रम्पको भ्रमण पूर्णत: राष्ट्रिय हित र क्षेत्रीय शान्तिका निम्ति केन्द्रित हुने स्पष्ट पारेको छ। रासस/एएफपी

# सिरीयामा मानवीय संकट गहिरिदै

संयुक्त राष्ट्रसंघ। सिरीयामा नोभेम्बर महिनादेखि हालसम्म छलाख ७० हजार मानिस विस्थापित भएका छन्भने १० लाखभन्दा बढी नागरिकहरु आफ्ना घरहरुमा पुन: फर्किएका संयुक्त राष्ट्रसंघ मानवतावादी निकायले जनाएको छ। संयुक्त राष्ट्रसंघको मानविय सहायतासम्बन्धी समन्वय कार्यालयका अनुसार विस्फोटक पदार्थ तथा अन्य खतरनाक उपकरणहरुको जोखिमबीच मानिसहरु देशभरि आवतजावत गरिरहेका छन्, जसका कारण हालसम्म पनि सिरीयामा नागरिकहरु गम्भीररुपले घाइते र मृत भइरहेका छन्। सन् २०२४ को डिसेम्बर १२ गतेदेखि अहिलेसम्म ३६७ जनाको ज्यान गएको छ र ५४२ जना घाइते भएका छन्, तीमध्ये एक तिहाइ बालबालिका रहेका छन्। राष्ट्रसंघले आफ्नो साझेदार संस्थाहरुको सहयोगमा विस्थापितहरुका लागि अस्थायी आवास, जीविकोपार्जनका अवसर सिर्जना, खानेपानी आपूर्ति सुधार, खाद्यान्न तथा पोषण सहयोग जस्ता कार्यक्रम सञ्चालन गरिरहेको छ। यद्यपि, आर्थिक अभावका कारण यी कार्यहरु सञ्चालनगर्न कठीनाइ भइरहेको जनाइएको छ। हाल सिरीयामा मानवीय संकटबाट प्रभावित करिब ८० लाख मानिसलाई सहायता पुऱ्याउने लक्ष्यसहित राष्ट्रसंघले दुई अर्ब डलर बराबरको सहयोगको अपिल गरेको छ, तर हालसम्म त्यसको केवल १० प्रतिशत अर्थात करिब २० करोड डलर मात्र जुट्न सकेको छ। रासस/सिन्ह्वा

# सुडानमा हवाई आक्रमण जारी

पोर्टो। सुडानको डार्फर क्षेत्रमा रहेको विस्थापितहरुको शिविरमा भएको हवाई आक्रमणमा एउटै परिवारका कम्तीमा १४ जनाको मृत्युभएको उद्धारकर्मीहरुले जनाएका छन्। डार्फरको अबु सुक शिविरलाई लक्षितगर्दै गरिएको आक्रमणबारे स्वयंसेवकहरुले जानकारी दिएका छन्। उनीहरुले घटनाको विवरणसहित विज्ञप्ति जारीगरेका छन्। संयुक्त राष्ट्रसंघकाअनुसार, डार्फरको राजधानी एल-फासेर नजिकैको यो क्षेत्र अझै पनि अर्धसैनिक बल आरएसएफको नियन्त्रणमा छैन र खाद्य संकटले गम्भीर रुपमा प्रभावित छ। डार्फर क्षेत्र अफ्रिकामा द्वन्दका कारण विस्थापित भएका लाखौं मानिसहरुको आश्रयस्थल बनेको छ। पछिल्लो समय नियमित सेनासँगको युद्धमा संलग्न रहेको आरएसएफले यस्ता शिविरहरुलाई निशाना बनाउन थालेको छ। अबु सुक शिविर, जो जामजाम शिविर नजिकै रहेको छ, अप्रिलमा आरएसएफले गरेको विनाशकारी आक्रमणपछि खाली भएको थियो। संयुक्त राष्ट्रसंघले यस क्षेत्रमा झन्डै १० लाख शरणार्थीहरु रहेको जानकारी दिएको छ। रासस/एएफपी

डा.केशव देवकोटा
प्रधान सम्पादक
मो. ९८५१०९८७०३
krdevkota@gmail.com
sandhyakalin977@gmail.com
सम्पर्क : काठमाडौं–३१ बागबजार,
फोन/फ्याक्स ५३३२८९०
प्रकाशक : देशप्रेम प्रकाशन प्रा.लि. भक्तपुर
फोन. : ६६१७७४० पो.ब.नं. : १०७४२
मुद्रक : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं

## सम्पादकीय

# पारित हुनलागेको सरकारी नीति र प्रतीक्षामा रहेको बजेट

**संभवत आज आइतबार दिउँसो बस्ने संसदको बैठकबाट सरकारको नयाँ नीति तथा कार्यक्रम पारित हुँदैछ। झण्डै दुई तिहाई नजिक संख्या रहेको बहुमतको सरकार भएका कारण संसदबाट सरकारी नीति तथा कार्यक्रम पारित नहुने कुनै कारण छैन। तर प्राबिधिकरुपमा संख्या पुऱ्याएर नीति तथा कार्यक्रम पारित गरे/गराए पनि संसदमा रहेका प्रमुख प्रतिपक्षी दल माओवादी केन्द्रमात्र नभएर स्वयं सरकारको प्रमुख घटक नेपाली कांग्रेसका नेताहरु समेत सरकारको नीति तथा कार्यक्रमको आलोचक रहँदै आएका छन्। जसले आगामी बजेट निर्माणमा प्रत्यक्ष असरगर्ने देखिएको छ। सरकारको नीति तथा कार्यक्रम पारित गरे/गराएर मात्र पनि केही हुने देखिएको छैन। किनकी आर्थिक क्षेत्र अन्योलमा रहेको छ। हालैमात्र अर्थमन्त्री विष्णु पौडेलले विनियोजन र कार्यान्वयनबीचमा भएको ठूलो खाडल पुर्न आफूहरु प्रयासरत रहेको बताएर सरकारको आर्थिक नीतिमा कतिपय त्रुटीहरु रहेको कुरालाई स्वीकार गर्नुभएको छ। हिजो शनिबार काठमाडौंमा आयोजित पूर्व बजेट सम्बन्धी छलफल कार्यक्रममा उहाँले विगत बर्षका बजेटहरुले विनियोजन र कार्यान्वयनबीच खाडल बनाएकोभन्दै खाल्डो झन् खन्न होईन पुर्न कसिएको दाबिगर्ने प्रयास गर्नुभएको थियो। उहाँले विनियोजन र कार्यान्वयनका बीचमा ठूलो खाडल छभन्ने कुरालाई स्वीकार गरिसक्नु भएको छ। उहाँले सो खाडल खनेपछि खाडलभई नै हाल्छ। खनेकै खाडल हो। हामीले विगत बर्षका बजेटहरुलाई हेरौं, हामीले खाडल खन्यौकि खनेनौ।**

**सात हजार योजनामा ११ हजार योजना थप्यौं, त्योभन्दा उत्कृष्ट विनियोजन संसारमा खोज्न जान पर्छ। यस्तो उत्कृष्ट विनियोजनको अति उत्कृष्ट कार्यान्वयनको उदाहरण खोज्न पनि कतै जानु पर्ला त ? त्यसकारण म के आग्रहगर्न चाहान्छुभने अहिले अर्थमन्त्री खाल्डो खन्न होईन पुर्न कसिएको छ र यसमा तपाईहरुको साथ चाहिएको छ पनि भन्नुभएको थियो। उहाँले संविधानले निर्धारण गरेको अधिकारको सूचीभित्र रहेर बजेट निर्माणगर्ने एउटा चुनौती सिर्जना भएको पनि बताउनु भएको थियो। उहाँले दशकौंमा पनि पूरा नहुने बहुवर्षिय योजना रहेकोभन्दै त्यसको दायित्व कति हुन्छ र त्यसको व्यवपसथापन कसरीगर्ने भन्ने कुराको पनि समस्या रहेको खुलाशा पनि गर्नुभएको थियो। प्रमुख प्रतिपक्षी दल माओवादी केन्द्रको सरकारको बिरोध कायमै रहेको छ। हिजोमात्र पनि सो पार्टीका अध्यक्ष पुष्पकमल दाहालले कांग्रेस-एमाले गठबन्धन सरकारको अवस्था निकै दयनीय बनेको बताएर सरकारलाई चुनौती दिने प्रयास गर्नुभएको थियो। हिजो शनिवार पाँचथरको फिदिममा आयोजित सभालाई सम्बोधनगर्दै अध्यक्ष दाहालले त्यस्तो चुनौती दिनुभएको हो। दुईतिहाइवाला सरकारको हाल रुझेको बिरालाकोजस्तो रहेको उहाँको कथन थियो। उहाँले आफूले भन्नेगरेको सरकार आफ्नै कुकर्मले ढल्छ भन्ने कुरा फेरी पनि दोहोऱ्याउनु भएको थियो। यस्तो अवस्थामा सरकारले बढो सनवधानीपूर्बक काम गर्नुपर्ने टड्कारो अवस्था रहेको छ। त्यसैले संसदमा प्राप्त राम्रा र जनउपयोगी सुझावहरुलाईसमेत समाबेश गरेर नयाँ नीति तथा कार्यक्रम पारित गराउनु पर्ने आवश्यकता छ। तर एमालेका अध्यक्ष तथा प्रधानमन्त्रि केपी ओली र अर्थमन्त्रि बिष्णु पौडेललगायतका नेताहरुको घमण्ड आफ्नै खालको रहेको देखिन्छ। जसले राम्रो संकेत गरिरहेको छैन।**

## समसामयिक

नरेन्द्रसिंह कार्की

# छ महिनापछि घर फर्किए टिंकरवासी

दार्चुलाको उत्तरी सिमानामा स्थत टिंकर गाउँका स्थानीय छ महिनापछि गाउँ फर्किएका छन्। गत मंसिरमा चिसो छल्न गाउँ छोडेर खलंगा झरेका ७० परिवार पुनःगाउँ फर्किएका हुन्। गत मंसिरमा कठोर जाडो छल्न गाउँ छाडेका यहाँका स्थानीय वैशाख अन्तिम साता मात्रै पुनःफर्किएका छन्। स्थानीय जसपाल तिंकरीले छ महिनापछि फर्कंदा आफ्नो घरको ढोका देवी-देवता भरोसामा जस्तोको तस्तै रहेछ। भगवान् भरोसा छोडिएका घरका ताला खुलेका छन् भन्नुभयो। छ दिनको यात्रापछि अहिले सबै स्थानीय गाउँपुगेपछि चहलपहल बढेको छ।

टिंकर पुग्न नेपालकै भूमि भएर जान सकिने गोरेटो बाटो छैन। स्थानीय भारतको बाटोहुँदै कठीन यात्रागरी गाउँ पुगेका छन्। वडानम्बर एकका वडा सदस्य एवं टिंकरका स्थानीय हितेश बुढाथोकीले आफ्नै भूमि भएर गाउँ फर्किन नपाउँदा नरमाइलो लाग्छ भन्नुभयो। आफ्नो गाउँ जान भारतीय अनुमति लिनुपर्दा अपमानित महशुस हुनेगरेको स्थानीयको गुनासो छ। राज्यले समयमै पूर्वाधार निर्माणमा ढिलाइ गर्दा यहाँका नागरिकले सास्ती खेप्नुपरेको हो। सरकारले विशेष अनुदानअन्तर्गत चालू आर्थिक बर्षमा पाँच करोड ५० लाख बजेट पठाएको भएपनि गाउँपालिकाले टेन्डरमा ढिलाइ गरेकाले बाटो बन्न सकेन। यद्यपी गाउँपालिकाले यसै साता मात्र निर्माण कम्पनी छनोट गरेको छ। यो पटक आफ्नै भूमि भएर गाउँ जाने सपना बुनेका व्यासीहरु अन्ततः भारतकै भूमि भएर गाउँ फर्किनुपरेको बुढाथोकी बताउनुहुन्छ। उहाँ कहिलेकाही आफ्नै सरकारप्रति हिनताबोध हुन्छ भन्नुहुन्छ। ०७७ जेठ सात गते सरकारले चुच्चे नक्सा जारीगर्दा स्थानीय निकै खुसी थिए। जसमल बुढाथोकीले भूगोल नआए पनि नक्सामा हाम्रो भन्ने अधिकार पाएको महशुस गऱ्यौं। तर नक्सा पाएका नागरिकको लागि पैदलबाटो बनाउन सरकारले यतिका बर्ष लगाउँदैछ। सडक सपना त अझै धेरै टाढाको छ भन्नुभयो। नक्साजारी भएपछि एकपटक सरकारले हेलिकप्टरमार्फत खाद्यान्न ढुवानी गऱ्यो। नागरिकमा एक प्रकारको खुसी महशुस छायो। तर विस्तारै ती सबै सपना जस्तै लाग्न थालेको स्थानीय दानसिंह तिंकरीको बुझाइ छ। उती बेला राज्यका माथिल्लो निकायबाट भएको भ्रमण हेर्दा व्याससम्म सडक चाडै पुग्ने विश्वास थियो।

यहाँका बासिन्दा बर्षको आधा समय खलंगामा र बाँकी समय टिंकरमा बस्ने गर्छन्। उनीहरुको भाषामा यसलाई कुञ्चा सर्नु भनिन्छ। कुञ्चा भनेको सौका समुदायको भाषामा बसाइसराइ हो। तीनहजार ३०० मिटर उचाइमा अवस्थित यस गाउँमा छफिटभन्दा बढी हिउँ पर्नेहुँदा हिउँदमा बस्न सकिँदैन दानसिंह भन्नुहुन्छ। चिसो छल्न उनीहरु परिवार, पशुचौपाया, खाद्यान्नसहित खलंगातिर सर्छन्। चिसो मौसम भएका कारण छ महिनागाउँ सुनसान हुन्छ। घरका ढोकामा चाबी लगाइएको हुन्छ। दानसिंहले थप्नुभयो-अहिलेसम्म गाउँमा चोरी भएको घटना छैन। यो सबै भगवान्को देन हो। हामीहरुको संस्कृति, परम्परा र पूजापाठमा गहिरो आस्था छ। यही कारण कोही नहुँदा पनि हाम्रो खाद्यान्न, घर सुरक्षित नै रहेको हुन्छ। स्थानीयको मुख्य जीविकोपार्जन कृषि, व्यापार र जडिबुटी संकलन हो। यहाँ फापर, उवा, काकनु, आलु गहुँजस्ता अन्नबाली उत्पादन हुन्छ। उनीहरु गाई, चौरी, खच्चड, घोडा, बाखा पाल्छन्। अहिले गाउँपुगेपछि स्थानीय आलु फापर, गहुँ, छर्ने तयारीमा छन्। चीनसँगको व्यापार खुला हुँदा तिब्बतसँग किनमेल गर्थे। पछिल्लो समयभने चीनबाट खाद्यान्न आउन रोकिएको छ। नेपालमा मात्रै बसोबासगर्ने व्यासी सौका समुदायको मात्रै यहाँ बसोबास हुन्छ। परम्परागत घरले सुन्दरता दिएको छ। टिंकर प्राकृतिकरुपमा अत्यन्त सुन्दर छ। फुलेका मनमोहक फूल, घर नजिकै देखिने नाउर जस्ता वन्यजन्तु, अपि हिमाललगायत हिमश्रृंखला, सुदूरहिमाली जीवनशैलीले यहाँलाई विशेष बनाउँछ। सौका समुदायले आफ्नै भाषा रंग बोल्छन्। व्याँस-१ कातिंकरबासीहरु बर्षको करिब छमहिना गाउँमा बसोबास गर्छन्। सो अवधिमा स्वास्थ्य चौकी नहुँदा उनीहरु सामान्य रोग लाग्दा पनि भारतीय सुरक्षाकर्मी समक्ष धाउनुपर्छ या आफैंले खलंगाबाट बोकेर लिएको औषधि प्रयोग गर्न बाध्य छन्। स्थानीय जसमल बुढाथोकी सामान्य टाउको दुख्दा औषधि हुँदैन। ज्येष्ठ नागरिक बिरामीहुँदा अकालमै ज्यान गुमाउनुको विकल्प छैन भन्नुभयो। धेरैले सिटामोल, दमलगायत औषधि खलंगाबाटै आफूसँगै बोकेर लिने गर्छन्। उनीहरुको भाषामा आफ्नै स्वास्थ्यकर्मी आफैं बिरामी जस्तै हो। व्यास-१ को छाङ्गरुमा स्वास्थ्य चौकी छ। तर तिंकर गाउँबाट छांगरु आउजाउ गर्न पाँच घण्टा बढी समय लाग्छ। गाउँमा युवा कमै बस्छन्। विरामी हुँदा बोक्न पनि मुस्किल पर्छ। पढाई र रोजगारीको सिलसिलामा गाउँभन्दा बाहिर युवाहुँदा गाउँमा कुनै अप्ठ्यारो पर्दा समस्या हुनेगर्छ। बुढाथोकीले पहिले त कोही बिरामीहुँदा चार,पाँच दिनपछि खबर पाउने अवस्था थियो। गतबर्षदेखि ल्याण्डलाइन र नेपाल टेलिकमको टु जीफोन सञ्चालन भएपछि सहज भएको छ भन्नुभयो। चिसोका कारण बिरामी पर्ने जोखिम उच्च छ, तर यस क्षेत्रमा राज्यको ध्यान कम गएको देखिन्छ। सर्वसाधारण मात्र होइन यहाँका सुरक्षाकर्मीले बोकरै औषधि लिनुपर्छ। वडा सचिव विनोदसिंह बुढाथोकीका अनुसार तिंकरमा तीन-चार बर्षअघि निर्माण थालिएको स्वास्थ्य भवन अझै पुरा हुनसकेको छैन। उहाँले समयमै बजेट नआउँदा स्वास्थ्य संस्था सञ्चालनमा आउन सकेको छैन भन्नुभयो। पञ्चायतकालमा टिंकर पुग्न नेपाली गोरेटो बाटो प्रयोग हुन्थ्यो। बहुदल आएपछि त्यो बाटो बन्द भयो। गोरेटो बाटो मर्मतमा ध्यान नजाँदा स्थानीयले जहिल्यै आफ्नै गाउँ फर्किन भारतीय भूमि र भारतीय अनुमतिको भर पर्नुपरेको छ। व्याँस गाउँपालिकाका अध्यक्ष मंगलसिंह धामी भन्छन्- व्यास-१ को छाङ्गरु टिंकर जोड्नेगरी पटक,पटक बजेट नगएकोभने होइन। तर नियमन निकायको अभाव भयो। बजेटको सही प्रयोग हुन नसक्दा यो बाटो कहिल्यै बनेन्। तत्कालीन जिल्ला विकास समिति, गाउँविकास समितिमार्फत बजेट राख्यो। ०७४ सालमा स्थानीय सरकार बनेपछि गाउँपालिकाले लगानी गऱ्यो। गतबर्ष बाटो मर्मत सम्भारमा करोड खर्च भयो। तर बाटोको अवस्था उस्ताको उस्तै छ। विगतमा केही ठाउँमा भारतीय सडक निर्माणको क्रममा नेपालतिरको बाटो अवरुद्ध भएको स्थानीयवासी बताउँछन्। ठाउँठाउँमा भारतले महाकाली नदी किनारैकिनार सडक लाँदा ड्याम बाधिएर नेपालतर्फको बाटो क्षति हुनपुगेको छ। केही ठाउँमा पहिरो गएपछि बाटो अवरुद्ध भयो। तम्बाकुलगायत क्षेत्रमा नेपालतिर नदीले पूरै कटान गरेपछि पूर्णरुपमा बाटो बन्दभएको वडाध्यक्ष योगेश बोहरा बताउँछन्। नेपालतिर बाटो नबनेकै कारण व्यासका नागरिकमात्र होइन, व्यासमा कार्यरत सशस्त्र प्रहरी बल नेपाल नम्बर ५० गुल्म, इलाका प्रहरी कार्यालय **बाँकी ४ पेजमा**

# पहिलेको चरिचरन, अहिलेको पर्यटकीय गन्तव्य

काठमाडौं। एक दशक अघिसम्म बाग्लुङको हाँडिकोटको महत्व पशु चरिचरनका लैजाने स्थानीयले मात्र चिन्दथे। पशुचौयाया चराउने र घाँस दाउरा लिन पुग्ने हाँडिकोटमा अहिले पर्यटकीय गन्तव्य बन्दैगएको छ। घना जंगलको बीचमा रहेको अग्लो पहाड हाँडिकोट टापु एकाएक चर्चामा आउन थालेपछि पदयात्रामा आउनेका लागि उपयुक्त गन्तव्य बन्नथालेको हो। समुद्री सतहदेखि दुई हजार १९५ मिटर उचाइमा रहेको हाँडिकोट जैमिनी क्षेत्रकै अग्लो पहाडमा अहिले गोठाला जान छोडे तर आन्तरिक पर्यटक पुग्न थालेका छन्। हाँडिकोट पुग्नका लागि डाँडाखानी र ब्याडथलाबाट दुवैतर्फबाट पदमार्ग निर्माण भएपछि पदयात्रामार्फत त्यहाँ पुग्ने पर्यटकहरु आकर्षित भएका हुन्। डाँडाखानीबाट झण्डै चार किमी पदमार्ग र ब्याडथलाबाट तीन किलोमिटर परम्परागत पदमार्ग निर्माणपछि त्यहाँ पुग्ने पर्यटकलाई सहज भएको छ। पूर्वाधार र प्रचारप्रसारका कारण ऐतिहासिक तथा पशुपालन किसानको चरिचरनस्थल हाँडिकोट टापु पुग्ने आन्तरिक पर्यटकहरु बढिरहेका छन्। बागलुङको गलकोट दुदिला भाटीबाट तस्बिर कैदगर्नका लागि हाँडिकोट पुग्नुभएको राम खत्रीले यहाँबाट देखिने मनोरम दृश्यले लोभाएको बताउनुभयो। डाँडाखानीबाट एक घण्टको पैदलयात्रामा हाँडिकोट पुग्नुभएको खत्री फर्कंदा ब्याडथलाको पदमार्ग प्रयोग गरेको बताउनुहुन्छ। उहाँले सूर्योदय हेर्न, गुराँसको वन हेर्न र दर्जनौं हिमाल हेर्नका लागि हाँडिकोट उपयुक्त गन्तव्य रहेको बताउनुभयो। यहाँबाट धौलागिरि, अन्नपूर्ण, माछापुच्छ्रेसँगै दर्जनौं हिमश्रृंखला देख्न सकिन्छ। खत्रीले फोटो भिडियो खिच्न रुची राखेर पैदलयात्रामार्फत पर्यटकीय स्थाल पुग्ने गरेको छु, हाँडिकोड पछिल्लो समय चर्चामा आएको गन्तव्य रहेछ, पदयात्रामा रुची राख्ने र प्रकृतिसँग रमाउनेका लागि हाँडिकोट उपयुक्त गन्तव्य लाग्यो, बिहानै आउने पर्यटकका लागि सूर्योदयले मनै लोभ्याउनछ, कोलाहलपूर्ण वातावरणबाट अलग्गै बस्नका लागि हाँडिकोट पृथक गन्तव्य रहेछ। यहाँबाट देखिने जैमिनीका अधिकांश गाउँ, हिमालहरुले मनै लोभ्यायो, पहिलाको पशु चरिचरन अहिले पर्यटकीयस्थल भएछ भन्नुभयो। हाँडिकोट पुग्नका लागि पछिल्लो समय सडक मार्ग पुऱ्याइएको छ। जैमिनी नगरपालिकाले नगरको पर्यटकीय गन्तव्यमा जैमिनी धामपछि हाँडीकोट टापुलाई लिएर पूर्वाधार निर्माणमा तीव्रता दिएको जनाएको छ। रासस

**भारत...**
माथि हवाई आक्रमण गरेको थियोभने पाकिस्तानले पनि भारतका सैन्य र नागरिक संरचनामाथि ड्रोन र मिसाइल मार्फत आक्रमण गरेको थियो । ट्रम्पलगत्तै अमेरिकी विदेश मन्त्री मार्को रुबियोले पनि भारत र पाकिस्तान तत्काल युद्धविराम गरेर तटस्थ स्थानमा वार्तामा बस्न तयार भएको पुष्टि गर्नुभएको थियो । उहाँले सामाजिक सञ्जाल प्लाटफर्म 'ट्रुथ सोसल'मा पोष्टगर्दै ट्रम्पले अमेरिकाको मध्यस्थताले यो सम्भव भएकोभन्दै दुवै देशलाई बधाइ दिनुभएको थियो । उहाँले अमेरिकी उपराष्ट्रपति जेडी भान्स, वरिष्ठ भारतीय तथा पाकिस्तानी अधिकारीहरुसँगै प्रधानमन्त्रीहरु, नरेन्द्र मोदी र सेहबाज सरिफसँग निरन्तर संवाद गरेको र दुई देशका सरकारहरुले युद्धविरामका लागि सहमति जनाएको पुष्टि गर्नुभएको छ । भारत र पाकिस्तानका अधिकारी हरुले पनि दुई देशबीच युद्ध विराम भएको पुष्टिगर्दै गएराति समस्या समाधानका लागि वार्ता जारीरहेको जनाएका थिए ।

**आज..**
बताउनुभएको थियो । कार्यक्रममा पूर्वमुख्यसचिव डा वैकुण्ठ अर्यालले बजेट तर्जुमा, विनियोजन, कार्यान्वयन, अनुगमन मूल्यांकन जस्ता बजेट चक्रमै समस्या रहेकाले सुधार गरिनुपर्ने आवश्यकता औंल्याउनुभएको थियो । पछिल्लो ५० बर्षमा विनियोजनअनुसार खर्च नहुने गरेको तथ्य उल्लेखगर्दै उहाँले पाँच दशकमा औसत ८६.९७ प्रतिशत मात्र बजेट खर्च भएको बताउनुभएको थियो । जग्गा प्राप्ति, वन क्षेत्रको प्रयोग स्वीकृति, अन्य निकायसँगको कमजोर समन्वय, निर्माण व्यवसायीको कमजोर क्षमता, जनशक्ति र उपकरणको अभाव, स्थानीय अवरोध, निर्माण सामग्रीको अभाव, आयोजना सम्बद्ध कर्मचारीको तारन्तार सरुवाजस्ता कारण पूँजीगत खर्च कमजोरहुँदै गएको पूर्वमुख्यसचिव अर्यालको भनाइ थियो । राष्ट्रिय योजना आयोगका सदस्य डा प्रकाशकुमार श्रेष्ठले बजेटमा मुख्यगरी तीनवटा विरोधाभाष रहेको बताउनुभएको थियो । कार्यक्रममा सेजनका अध्यक्ष सुजन ओलीले श्रोतमा चाप बढिरहने तर बजेट विनियोजनमा अनुशासन नदेखिँदा समस्या देखिएको बताउनुभएको थियो ।

**देशको...**
कार्यक्रममा उहाँले उपरोक्त कुरा बताउनु भएको हो । उहाँले सकारात्मक विश्लेषणबाट देशको अवस्था पत्ता लगाउने र कसरी अघिबढ्ने भन्नेबारे निर्णयगरी निर्णय कार्यान्वयनगर्ने विभिन्न व्यक्ति, क्षेत्र र अंगलाई सहयोग पुर्‍याउन राजनीतिकर्मीलाई उहाँले आह्वानसमेत गर्नुभएको थियो । सोही कार्यक्रममा कानून, न्याय तथा संसदीय मामिलामन्त्री अजयकुमार चौरसियाले जनताको चाहनाअनुरुप विकास र समृद्धिका लागि राजनीतिक दलहरुबीच राष्ट्रिय सहमतिको आवश्यकता औंल्याउनुभएको थियो । राजनीतिक व्यवस्था परिवर्तनका लागि जनताले गरेको संघर्षलाई स्मरणगर्दै उहाँले यस व्यवस्थाको संरक्षणगर्नु सबै दलको दायित्व भएको बताउनुभएको थियो । पूर्वसभामुख एवं मञ्चका निवर्तमान अध्यक्ष तथा सल्लाहकार तारानाथ रानाभाटले राष्ट्रिय समस्या समाधानका उपाय मिलेर खोज्न सबै राजनीतिक दलसँग आग्रह गर्नुभएको थियो ।

**सवारी...**
आफ्नै अनियन्त्रितभई सडकको बायाँ किनारमा रहेको फलामको रेलिङमा ठोक्किएर दुर्घटना भएको इलाका प्रहरी कार्यालय दुहबीले जनाएको छ । दुर्घटनामा नेपाल प्रहरी नारायणहिटी सुरक्षा गारद गुल्म काठमाडौं दरबन्दीभई जिल्ला प्रहरी कार्यालय उदयपुरमा कार्यरत उदयपुर त्रियुगा-८ राजाबासका प्रहरी सहायक निरीक्षक विरोध खतिवडाको मृत्युभएको हो । चालक उदयपुरको चौदण्डीगढी नगरपालिका-६ बस्ने सुरेश कार्की र उनकी छोरी रोजिना घाइते भएका छन् । उनीहरुको विराट टिचिङ अस्पताल बूढीगंगामा उपचार भइरहेको प्रहरीले जनाएको छ । त्यसैगरी सिन्धुपाल्चोकको लिसंखु पाखर-१, निंगाले बागखोरस्थित मुडे-मेलुङ सडकखण्डमा यात्रुवाहक बस र मोटरसाइकल आपसमा ठोक्किँदा एकजनाको मृत्युभएको छ । जिल्ला प्रहरी कार्यालयकाअनुसार दोलखाबाट काठमाडौंतर्फ आउँदैगरेको बा.प्र.०१-००६ ख ५९३४ नम्बरको बस र विपरीत दिशातर्फ जाँदैगरेको बा ७० प ८२३८ नम्बरको मोटरसाइकल ठोक्किँदा मोटरसाइकल चालक दोलखा मेलुङ-३ निवासी सुरेश रसाइली गम्भीर घाइते भएका थिए । उनलाई उपचारका लागि खाडीचौरस्थित सिन्धु सदाबहार अस्पताल पुर्‍याइएकोमा चिकित्सकले मृत घोषणा गरेको प्रहरीले जनाएको छ । बसका चालक दोलखा कालिञ्चोक-६ का माधव बहादुर कार्कीलाई प्रहरीले नियन्त्रणमा लिएको थाहाभएको छ । त्यसैगरी नवलपुरको कावासोतीमा भएको मोटर साइकल दुर्घटनामा दुईजनाको मृत्युभएको छ । कावासोती-१ लोकाह खोला नजिकै भएको दुर्घटनामा कावसोती-११ शान्ति टोलका ईश्वर दर्लामी र सागर दर्लामी घाइते भएको र उपचारका क्रममा मध्यविन्दु प्रादेशिक अस्पताल डण्डामा मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी प्रहरी नायव उपरीक्षक मधु नेपालले जानकारी दिनुभएको छ । देवचुलीको मुण्डेबाट लोकाहातर्फ आउनेक्रममा उनीहरु सवार लु १३ प ७०२ नम्बरको मोटरसाइकल अनियन्त्रित भएर पल्टिदा दुर्घटना भएको प्रहरीको भनाइ छ ।

**दुईवटा...**
लैजानुपर्ने आवश्यकता औंल्याउनुभएको थियो । अध्यक्ष लिङ्देनले मुआब्जा वितरणमा अनियमितता भएको बताउँदै चर्को मूल्यमा आवश्कयताभन्दा बढी जग्गा अधिग्रहण गरिएको दाबी पनि गर्नुभएको थियो । उहाँले ४१ अर्ब लगानी गरेर यो नचल्ने एयरपोर्ट कसले बनायो ? उद्घाटन भएको यतिका बर्षहुँदा पनि दुवै विमानस्थल किन सञ्चालनमा आउन सकेनन् ? यस विषयले संसदमा प्रवेशगरेको छ । यसै विषयमा पनि सार्वजनिक लेखा समितिअन्तर्गत छानबिन उपसमिति बनेको र त्यो समितिको काम अनियमितताको छानबिनगर्नुकासाथै विमानस्थल कसरी सञ्चालनमा ल्याउन सकिन्छभन्ने पनि रहेको छ । सोहीअनुसार प्रतिवेदन तयार भइसकेको छ भन्नुभएको थियो । सिद्धार्थ उद्योग वाणिज्य संघका अध्यक्ष नेत्रप्रसाद आचार्यले राजनीतिक दलको होडबाजीमा विमानस्थल निर्माण भएको बताउनुभएको थियो । उहाँले सरकारले गरेको आग्रहअनुसार उद्योगी व्यवसायीले पूर्वाधारमा करिब ८० अर्ब लगानी गरेपनि लगानी डुब्ने खतरा बढेको बताउनुभएको थियो । उद्योग वाणिज्य महासंघ लुम्बिनी प्रदेशका अध्यक्ष कृष्णप्रसाद शर्माले व्यावसायिक सम्भाव्यता अध्ययननै नगरी विमानस्थल निर्माण गरिएकोजस्तो भएको जिकिर गर्नुभएको थियो । सिद्धार्थ उद्योग वाणिज्य संघका निर्वतमान अध्यक्ष ठाकुरकुमार श्रेष्ठले भैरहवावासीका लागि विमानस्थलमा भएको भ्रष्टाचारभन्दा पनि विमानस्थल सञ्चालनको विषयनै प्रधान रहेको बताउनुभएको थियो ।

**ठगीगर्ने...**
खटिएको प्रहरीले सुदीपलाई ललितपुर महानगरपालिका-२५ भैंसेपाटीबाट र गुमानलाई काठमाडौं महानगरपालिका-५ बाट पक्राउ गरेको हो । उनीहरुलाई आवश्यक अनुसन्धान तथा कारवाहीको लागि वैदेशिक रोजगार विभाग ताहाचल पठाइएको प्रहरीले जनाएको छ ।

**नेपाल...**
उपरीक्षक वरुणबहादुर सिंहले बताउनुभएको छ । उहाँले सीमामा आवत जावतगर्ने यात्रुको परिचय पत्र प्रमाणीकरणगर्नुका साथै आवत-जावतको प्रयोजन र सवारी साधनको समेत रेकर्ड राख्न तदारुकता देखाइएको जानकारी दिनुभएको छ । त्यसैगरी सप्तरीको नेपाल-भारत सुरक्षा सिमा क्षेत्रमा चेकजाँच र सतर्कता बढाइएको छ । भारतबाट नेपाल आउने र नेपाबाट भारत जानेहरुको चेकजाँचगरी परिचयपत्र हेरेरमात्र प्रवेशगर्न दिनेगरेको सप्तरीका प्रहरी प्रमुख ढकेन्द्र खतिवडाले जानकारी दिनुभएको छ । उहाँले जिल्लाको हामी सुरक्षा निकायका प्रमुखहरुले सीमा क्षेत्रको निरीक्षणगर्दै सीमामा उच्च सुरक्षा सतर्कता बढाएको पनि बताउनु भएको छ ।

**अवैध...**
बराहक्षेत्र नगर पालिका-७ प्रगती टोलबस्ने विकास सुनुवारलाई नियन्त्रित लागूऔषध ट्रामाडोल ८० ट्याब्लेट र स्पास्मेन २८० ट्याब्लेटसहित प्रहरीले पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय महेन्द्रनगरबाट खटिएको प्रहरीले उनलाई उक्त लागूऔषध सहित पक्राउ गरेको हो । त्यसैगरी सुनसरीको बराहक्षेत्र नगरपालिका-७ बाट गाँजाजस्तो देखिने पदार्थ करिब ५५० ग्रामसहित सोही नगर पालिका-७ बस्ने आशिष वर्देवालाई प्रहरीले पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय महेन्द्रनगरबाट खटिएको प्रहरीले उनलाई उक्त पदार्थसहित पक्राउ गरेको हो । त्यसैगरी सुनसरीको इटहरी उपमहानगर पालिका-२० बाट ब्राउनसुगर जस्तो देखिने पदार्थ करिब २०० मिलिग्राम र नगद २० हजार १०० रुपैयाँ सहित दुईजनालाई प्रहरीले पक्राउगरेको छ । पक्राउपर्नेहरुमा सोही ठाउँ बस्ने होमबहादुर मगर र सोही उपमहानगरपालिका-१ बस्ने ऋषि कुमार चौधरी रहेका छन् । इलाका प्रहरी कार्यालय इटहरीबाट खटिएको प्रहरीले उनीहरुलाई उक्त पदार्थसहित पक्राउ गरेको हो । त्यसैगरी कास्कीको पोखरा महानगरपालिका-६ शान्ति पाटनबाट पोल्याण्ड करिब ५०० ग्राम, चरेश करिब २५ ग्राम र नियन्त्रित लागूऔषध टापेण्टाडोल आठ ट्याब्लेटसहित दुईजनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउपर्नेहरुमा सोही महानगर पालिका-२२ काउलेपानीबस्ने निर्मल परियार र सोही महानगरपालिका-६ शान्तिपाटन बस्ने भारत विहार घर भएका अशोक राम रहेका छन् । लागूऔषध नियन्त्रण ब्यूरो शाखा कार्यालय पोखरा र वडा प्रहरी कार्यालय वैदामबाट खटिएको प्रहरीले उनीहरुलाई उक्त लागूऔषध सहित पत्रयराउगरेको हो । त्यसैगरी कैलालीको धनगढी उपमहानगर पालिका-३ स्थित फिस रिसोर्टबाट खैरो हेरोइनजस्तो देखिने पदार्थ करिब ३३०. मिलिग्रामसहित दुईजनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउपर्नेहरुमा सोही उपमहानगर पालिका-४ बस्ने नागिन खान र रिहान अहमद रहेका छन् । लागूऔषध नियन्त्रण ब्यूरो शाखा कार्यालय धनगढीबाट खटिएको प्रहरीले उनीहरुलाई उक्त पदार्थसहित पक्राउगरेको हो । त्यसैगरी कैलालीको धनगढी उपमहानगर पालिका-७ जोखरतालबाट खैरोहेरोइन जस्तो देखिने पदार्थ करिब १८० मिलिग्राम र नियन्त्रित लागूऔषध स्पास १५ ट्याब्लेटसहित दुई जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरुमा सोही उपमहा नगरपालिका-५ बस्ने छितिज सिंह र गोदावरी नगरपालिका-३ बस्ने पंकज शाही रहेका छन् । जिल्ला प्रहरी कार्यालय कैलालीबाट खटिएको प्रहरीले उनीहरुलाई उक्त लागूऔषध सहित पक्राउगरेको हो । त्यसैगरी मकवानपुरको हेटौंडा उपमहा नगरपालिका-१० बाट नियन्त्रित लागूऔषध ट्रामाडोल २० ट्याब्लेटसहित सोही उपमहानगर पालिका-११ नवलपुरबस्ने विनय जिम्बालाई प्रहरीले पक्राउगरेको छ । उक्त स्थानमा खटिएको प्रहरीले ना.१३ प २१३६ नम्बरको मोटरसाइकलमा सवार उनलाई उक्त लागूऔषध सहित पक्राउ गरेको हो ।

**छमहिना...**
छाङ्गरु, बिओपी तिंकर तथा सीमा चौकी तिंकरी प्रहरीलगायतले भारतकै बाटोको भर पर्नुपरेको छ। दार्चुलाको टिंकर क्षेत्रमा प्रहरी र सशस्त्र प्रहरीको बसाइ अधिकतम छ महिनासम्म मात्र हुनेगरेको छ। चिसो मौसमका कारण सुरक्षाकर्मीहरु स्थानीय जस्तै बसाइ सर्नुपर्ने अवस्था आइपरेको हो। स्थानीयको कुञ्चागाउँ पुग्ने बेला सशस्त्र प्रहरी टिंकर उक्लिएको सशस्त्र प्रहरी बल नेपाल नम्बर ५० गुल्मका गुल्मपति डिएसपी लीलीबहादुर चन्दले बताउनुभयो। अहिले सशस्त्र प्रहरी बल नेपाल ४४ गण हेडक्वाटर दार्चुलाबाट सशस्त्र प्रहरी निरीक्षक अनिल शाहीको नेतृत्वमा सशस्त्र प्रहरी टिंकरमा खटिएको हो। उनीहरु भारतीय बाटो हुँदै टिंकरको छायालेक बीओपी पुगेका हुन्। दुई बर्षदेखि टिंकरको छायालेकमा सशस्त्र प्रहरी बस्न थालेको हो। व्यासकै छाङ्गरुमा गुल्म रहेको छ। चुच्चे नक्सा जारी भएसँगै यहाँ सुरक्षाकर्मी राखिएको हो। छाङ्गरुमा सशस्त्र प्रहरी र नेपाल प्रहरी बर्षभरि नै बस्ने गर्छन्। नेपाल प्रहरीभने एक दुई दिनभित्र टिंकर उक्लिने तयारीमा रहेको जिल्ला प्रहरी कार्यालय दार्चुलाका सूचना अधिकारी एवं प्रहरी निरीक्षक छत्र रावतले बताउनुभयो। अहिले नेपाल र भारत दुवैतर्फबाट अनुमतिपत्र बनाउने काम भइरहेको उहाँको भनाइ छ। रासस


## साइबर सुरक्षाबारे सचेत रहौं

- अपरिचित इमेल,सन्देश र लिङ्कहरु नखोलौं,
- संवेदनशील जानकारी (पासवर्ड, बैंक विवरण) सुरक्षित राखौं,
- अनधिकृत सफ्टवेयर डाउनलोड नगरौं,
- फर्जी वा अनलाइन लगानी (क्रिप्टोकरेन्सी) जस्ता साइटहरुकाट हुनसक्ने ठगीबाट जोगिऔं,
- सामाजिक सञ्जालमा आफ्नो ठेगाना, फोन नम्बर र वित्तीय विवरण नराखौं,
- आफ्नो पासवर्डलाई बलियो राखौं र नियमित रुपमा परिवर्तन गरौं,
- वाई-फाई नेटवर्कको पासवर्ड सुरक्षित राखौं ।

नेपाल सरकार
बिज्ञापन बोर्ड